परिवर्तन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा
लुम्बिनी प्रदेश,नेपाल

## स्थानीय राजपत्र

प्रकाशित मितिः२०८२/०८/१६

# परिवर्तन गाउँपालिकाको डिजिटल रणनीति २०८१

कार्यपालिकाबाट पारित मिति २०८२/०७/२६

# विषयसूची

प्रस्तावना ........................................................................ १
संक्षेपमा परविर्तन गाउँपालकिाको डजिटिल रणनीतर्ि ........................................................................ ३
परविर्तन गाउँपालकिाको डजिटिल रणनीतर्ि २०८१ ........................................................................ ५
परच्छिेद १ प्रारम्भकि ........................................................................ ५
परच्छिेद २ डजिटिल रणनीतकिो अवधारणा र उपादेयता ........................................................................ ७
खण्ड १डजिटिल रणनीतकिो - अवधारणा ........................................................................ ७
डजिटिल रणनीतकिा आधार र सद्धिान्तहरू ........................................................................ ९
कानुनी र नयिामकीय प्रावधानहरू ........................................................................ १०
खण्ड २ डजिटिल रणनीतकिो उपादेयता ........................................................................ ११
परच्छिेद ३ वर्तमान परदृिश्य वश्लिेषण ........................................................................ १२
श्रोत तथा साधनहरुको जानकारी ........................................................................ १२
हालको डजिटिल वत्तिीय पहुँचको वश्लिेषण ........................................................................ १३
वर्तमान आर्थकि स्थतिकिो वश्लिेषण ........................................................................ १३
वश्लिेषण तथा नष्किर्ष ........................................................................ १४
परच्छिेद ४ परविर्तन गाउँपालकिाको डजिटिल रणनीतकिो सोच, लक्ष्य र उद्देश्य ........................................................................ १६
दीर्घकालीन सोच ........................................................................ १६
लक्ष्य ........................................................................ १६
उद्देश्य ........................................................................ १६
परच्छिेद रणनीतर्ि र कार्यनीतर्ि५ ........................................................................ १७
खण्ड१-: डजिटिल पूर्वाधार र पहुँच ........................................................................ १७
खण्ड -२: डजिटिल साक्षरता ........................................................................ १८
खण्ड ३-: कृषी ........................................................................ २०
खण्ड ४-: पर्यटन ........................................................................ २१

खण्ड ५-: उद्यम र रोजगारी ........................................................................................२२

खण्ड ६-: वत्तिीय सेवा..............................................................................................२३

खण्ड -७: शक्षिा प्रणाली ...........................................................................................२४

खण्ड ८-: स्वास्थ्य सेवा .............................................................................................२६

खण्ड ९-: पूर्वाधार वकिास .........................................................................................२७

खण्ड १०-: वातावरण संरक्षण तथा वपिद व्यवस्थापन ..........................................................२७

खण्ड११-: स्थानयि तहको अन्य सेवा............................................................................२८

डजिटिल रणनीतकिो कार्यान्वयन योजना:........................................................................३०

परच्छिेद ६संस्थागत प्रवन्ध .........................................................................................३२

परच्छिेद स्रोत परचिालन ७ ........................................................................................३३

परच्छिेद अनुगमन र मूल्याङ्कन ८...................................................................................३४

अनुगमन र मूल्याङ्कन गतविधिहिरूको समयसीमा.................................................................३५

# प्रस्तावना

सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्नेर त्यसको कार्यान्वयन गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने र आयव्ययको प्रक्षेपण गर्नुपर्ने व्यवस्था गरेको छ — ।

स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, आवधिक योजना र क्षेत्रगत प्राथमिकता अनुकूल स्थानीय दीर्घकालीन सोच तथा प्राथमिकताको आधारमा स्थानीय आवधिक योजना तर्जुमा गर्नुपर्दछ ।आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न मध्यमकालीन खर्च संरचनाले प्राथमिकताका क्षेत्रमा स्रोत साधनको प्रभावकारी विनियोजन, परिचालन र वित्तीय अनुशासन कायम गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्दछ ।

डिजिटल नेपाल फ्रेमवर्क २०१९ ले डिजिटल माध्यमको प्रयोग मार्फत अर्थतन्त्रको सुदृढिकरण गर्न सकिने सोच राखेको छ।डिजिटल माध्यमको प्रयोगबाट आर्थिक रुपान्तरण सँगै कम सामाजिक-स्रोत र छोटो समयमै समाजका मूख्य चुनौतीहरूको समाधानका लागि नयाँ उपाय खोज्न र नेपाललाई विश्वव्यापी अर्थतन्त्रमा सहभागी हुने सम्भावनाहरू पहिचान गर्न सकिन्छ। डिजिटल नेपाल कार्यक्रम नेपाललाई परिवर्तनकारी प्रविधिको उपयोग गरी आफ्नो विकास सम्भावनालाई अधिकतम बनाउन र सामाजिकआर्थिक विकासलाई अघि बढाउन सक्षम बनाउन डिजाइन गरिएको हो।- यसै डिजिटल

नेपाल फ्रेमवर्क २०१९लाई आधार मानी पालिकालाई प्रविधीको प्रयोग गरी समयसापेक्ष रुपान्तरण गर्नु यस रणनीतिको उदेश्य रहेको छ।

माथि उल्लेखित मार्गदर्शक नीतिनियमको अधीनमा रही गाउँपालिकाको आर्थिक ,सामाजिक , व्यवस्थापकिय तथा समग्र क्षेत्रहरुमा नवीनतम् प्रविधीहरुको प्रयोग गरीयस **परिवर्तन गाउँपालिकालाई** अग्रणी गाउँपालिकाको रुपमा स्थापित गर्ने आजको समय सान्दर्भिक आवश्यकतालाई हृदयंगम् गर्दै यस "**परिवर्तन गाउँपालिकाको** डिजिटल रणनीति २०८१" तयार गरी लागु गरिएको छ ।

यस "**परिवर्तन गाउँपालिकाको** डिजिटल रणनीति २०८१" तयार गर्न सहयोग गर्ने जर्सी ओभरसिज एडको आर्थिक सहयोगमा सञ्चालित समुन्नती डिजिटल फाइनान्स परियोजनाको तर्फ बाट डिप्रोक्स नेपाल, प्राक्टिकल एक्सन तथा ग्रोथ ह्याकर्स प्रा.लि. लाई हार्दिक आभार व्यक्त गर्दछौं। साथै रणनीति निर्माणको लागी आफ्ना अमूल्य सल्लाह सुझाब प्रदान गर्नुहुने शैक्षिक संस्था, गैर सरकारी संस्था, बैंक, वित्तिय संस्था, लघुवित्त, सहकारी, स्वास्थ्य संस्था तथा व्यवसायीहरु लगायत सम्पूर्ण शुभचिन्तक प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

# संक्षेपमा परिवर्तन गाउँपालिकाको डिजिटल रणनीति

## सोच

## सामाजिक परिवर्तनका लागी प्रविधिमैत्री परिवर्तन

- सामाजिक परिवर्तनका लागी प्रविधिमैत्री परिवर्तन नारालाई आत्मसाथ गर्दै यस परिवर्तन गाउँपालिकामा डिजिटल रुपान्तरणको माध्यमबाट सम्वृद्ध गाँउपालिकाको आधार तय गरी वि.सं. २०८५ सम्ममा " डिजिटल पालिका" को रुपमा चिनाउने ।

## लक्ष्य

## डिजिटलमा स्मार्ट परिवर्तन

- डिजिटल रणनीतिको अवलम्बन गरी स्थानीय तहको समष्टिगत मूल्याङ्कनमा अब्बल पालिकाको रुपमा परिवर्तन गाउँपालिकालाई चिनाउनु यस रणनीतिको लक्ष्य रहेको छ ।"डिजिटल पालिका" को रुपमा चिनाउन पालिकाले यथासम्भव कार्यहरुलाई डिजिटलाइज गर्ने लक्ष्य लिएको छ ।

## उद्देश्य

- जनस्तरमा प्रविधिको प्रयोगमा व्यापकता
- प्रविधिको पहुँचका लागि आवश्यक पूर्वाधारको सुनिश्चितता
- डिजिटल साक्षरता र सचेतना अभिवृद्धि गरी प्रविधिको सदुपयोगिता
- युवा, महिला, अशक्त तथा आर्थिक सामाजिक रुपले पिछडिएका व्यक्तिहरुलाई प्रविधिगत नवीनतासँग सामञ्जस्य मिलाई सामाजिक आर्थिक रुपान्तरणको मूलप्रवाहमा प्रवाहिकरण
- डिजिटल प्रविधिको प्रयोग गरी चुस्त दुरूस्त सार्वजनिक सेवा प्रवाह तथा संस्थागत सुशासन प्रवर्द्धन

**लक्षित क्षेत्रहरू**



## रणनीतिक कार्ययोजनाहरू

- आवश्यक संगठनात्मक, संरचनात्मक तथा भौतिक पूर्वाधारको विकास
- पालिकामा डिजिटल साक्षरता अभिवृद्धि
- स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउन कृषिमा डिजिटल माध्यमको पहुँच विस्तार
- डिजिटाइजेसन मार्फत पर्यटनमा विकास
- उद्यम प्रवर्द्धन र रोजगारी श्रृजना
- वित्तीय सेवालाई सहज, पारदर्शी र प्रभावकारी बनाउन डिजिटाइजेसनको प्रयोग
- सामाजिक रूपान्तरणका लागि प्रविधिमैत्री र प्रविधिमा आधारित शिक्षा
- प्रभावकारी पहुँचयुक्त र द्रुत सेवा दिन प्रविधिमा आधारित स्वास्थ्य सेवा
- पूर्वाधार विकासमा सूचना प्रविधिको प्रयोग
- वातावरण संरक्षण तथा विपद व्यवस्थापन
- पालिकाको सेवा प्रवाह, संस्थागत सुशासन, जवाफदेहीता र पारदर्शितालाई डिजिटल प्रविधिमार्फत रुपान्तरण

## रणनीति कार्यान्वयनका विधिहरू

- सहभागितामूलक रणनीति निर्माण
- पालिकाको समन्वयकारी भूमिका
- सार्वजनिक, नीजि तथा गैर सरकारी संघ सँस्थाहरुसँगको सहकार्य
- प्राविधिक पूर्वाधारको तयारी
- डिजिटल साक्षरता र सचेतना अभिवृद्धि
- अनुगमन तथा मूल्यांकन
- निरन्तर सिकाई

# परिवर्तन गाउँपालिकाको डिजिटल रणनीति २०८१

## परिच्छेद १ प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः यस नीतिलाई "परिवर्तन गाउँपालिकाको डिजिटल रणनीति २०८१" भनिनेछ। यस नीति गाउँपालिकाको ............ निर्णयबाट कार्यान्वयनमा आउनेछ ।

**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमाः

- "सामाजिक सञ्जाल" भन्नाले मानिसहरूलाई आपसी सम्पर्क, जानकारी आदानप्रदान गर्न इन्टरनेटमा आधारित प्लेटफर्महरू सम्झनुपर्छ।
- "आर्टिफिसियल इन्टेलिजेन्स" भन्नाले कम्प्युटर सिस्टमलाई मानिसको जस्तै सोच्ने, सिक्ने, समस्या समाधान गर्ने र निर्णय लिन सक्षम बनाउने प्रविधि सम्झनुपर्छ।
- "सूचना प्रविधि" भन्नाले डेटा सङ्कलन, प्रशोधन, भण्डारण र आदानप्रदान गर्न प्रयोग गरिने प्रविधि सम्झनुपर्छ।
- "दिगो विकास" भन्नाले भविष्यका पीढीहरूको आवश्यकताहरूलाई पूरा गर्न आजको आवश्यकताहरूलाई ध्यानमा राखी स्रोतहरूको सन्तुलित र जिम्मेवार प्रयोगलाई सम्झनुपर्छ।
- "ई-कमर्श" भन्नाले इन्टरनेट वा अन्य डिजिटल माध्यममार्फत सामान र सेवाहरूको किनमेल र बिक्री गर्ने प्रक्रियालाई सम्झनुपर्छ।
- "डिजिटल सेवा" भन्नाले सूचना प्रविधि (IT) को प्रयोग गरेर प्रदान गरिने सेवा वा सुविधालाई सम्झनुपर्छ।
- "डिजिटल साक्षरता" भन्नाले डिजिटल उपकरण, इन्टरनेट, र सफ्टवेयरहरू प्रभावकारी रूपमा प्रयोग गर्ने क्षमतालाई सम्झनुपर्छ।
- "डिजिटल प्रविधि" भन्नाले डाटा प्रशोधन, भण्डारण, र सञ्चार गर्न कम्प्युटर प्रणाली तथा इलेक्ट्रोनिक उपकरणहरूको प्रयोगलाई सम्झनुपर्छ।
- "डिजिटल प्लेटफर्म" भन्नाले सूचना आदानप्रदान, संचार, व्यापार वा अन्य डिजिटल गतिविधिहरू गर्न इन्टरनेटमा आधारित प्रणाली वा सेवा सम्झनुपर्छ।
- "इन्टरनेट अफ थिङ्स (IOT)" भन्नाले डेटा आदानप्रदान गरी स्वचालित रूपमा कार्य गर्न इन्टरनेटमा जडान भएका स्मार्ट उपकरणहरूको सञ्जाल सम्झनुपर्छ।
- "डिजिटल मार्केटिङ्ग" भन्नाले इन्टरनेट र डिजिटल उपकरणहरूको प्रयोग गरेर उत्पादन र सेवाहरूको प्रवर्धन र बिक्री प्रक्रिया सम्झनुपर्छ।

- “डिजिटल हेल्पडेस्क” भन्नाले इन्टरनेट र डिजिटल उपकरणहरूको माध्यमबाट ग्राहक सेवाहरू र समस्या समाधान गर्ने प्रणाली सम्झनुपर्छ।
- ग्राफिक डिजाइनिङ्ग” भन्नाले दृश्यात्मक सामग्रीको सिर्जना र डिजाइन गर्ने प्रक्रिया सम्झनुपर्छ।
- “डिजिटल भुक्तानी” भन्नाले अनलाइन माध्यमबाट इलेक्ट्रोनिक उपकरण वा सफ्टवेयर प्रयोग गरी गरिने रकम कारोबारलाई सम्झनुपर्छ।
- “डिजिटल गभर्नेन्स” भन्नाले सूचना प्रविधि प्रयोग गरी सरकारका सेवा तथा प्रशासनिक कार्यहरू डिजिटल माध्यमबाट सञ्चालन गर्ने प्रक्रियालाई सम्झनुपर्छ।
- “साइबर सुरक्षा” भन्नाले कम्प्युटर प्रणाली, नेटवर्क र डिजिटल डेटा सुरक्षा गर्नका लागि प्रयोग गरिने प्रविधि र प्रक्रियाहरू सम्झनुपर्छ।
- “डाटा सुरक्षा” भन्नाले व्यक्तिगत र संवेदनशील जानकारीको सुरक्षा गर्नका लागि विभिन्न प्रविधिहरू र उपायहरूको प्रयोग सम्झनुपर्छ।
- “डिजिटल पालिका” भन्नाले प्रविधि र इन्टरनेटमार्फत नगरपालिका वा गाउँपालिकाका सेवा प्रवाहलाई स्मार्ट, छरितो र प्रभावकारी बनाउने प्रणाली सम्झनुपर्छ।
- “अनुगमन” भन्नाले कुनै प्रक्रिया, गतिविधि वा घटनाको निरन्तर निरीक्षण र मूल्याङ्कन गर्ने प्रक्रिया सम्झनुपर्छ।
- “बाह्य मूल्याङ्कनकर्ता” भन्नाले कुनै परियोजना, कार्यक्रम, वा प्रक्रिया बाह्य रूपमा निष्पक्ष र स्वतन्त्र निर्णय दिने तृतीय पक्षलाई सम्झनुपर्छ।

# परिच्छेद २ डिजिटल रणनीतिको अवधारणा र उपादेयता

## खण्ड १- डिजिटल रणनीतिको अवधारणा

संसारभरि प्रविधिको विकासले फड्को मारिसकेको छ । सूचना प्रविधिको यस नवीन युगमा सामाजिक संजाल, आर्टिफिसियल इन्टेलिजेन्स लगायतका माध्यमबाट डिजिटल प्रविधि प्रत्येक व्यक्तीको जनजीवनको अभिन्न हिस्सा बन्दै आएको छ ।सूचना प्रविधिको सान्दर्भिकता दैनिक जनजीवनसँग मात्रै नभई समाजका प्रत्येक पाटाहरुमा समेत बढ्दो क्रममा रहेको छ।

डिजिटल रुपान्तरणको आजको युगान्तकारी समयक्रममा विश्वभरी सेवा प्रवाह, आर्थिक, सामाजिक लगायतका क्षेत्रहरुमा नवीनतम सोच र प्रविधिको प्रयोग भइरहेको छ। यस परिवर्तनको प्रभावबाट नेपाल समेत अछुतो रहन सक्दैन। संघीय संरचनामा प्रवेश पश्चात विकेन्द्रिकृत शासन प्रणालीलाई समयसापेक्ष रुपान्तरण गर्दै स्थानीय सरकार संचालनलाई आद्यावधिक गर्नु अपरिहार्य छ।यस अर्थमा स्थानीय निकायको प्रभावकारी कार्यसम्पादन र समग्र विकासको आधार तय गर्न डिजिटल रूपान्तरण अत्यावश्यक छ ।

डिजिटल रूपान्तरणको उद्देश्य भनेको प्रविधिको प्रयोग गरेर आर्थिक वृद्धि, सेवा प्रदानमा सुधार, सुशासनको सुदृढीकरण, र दिगो विकासलाई प्रवर्द्धन गर्ने हो। स्थानीय स्तरमा आर्थिक विकास हासिल गर्न डिजिटल रूपान्तरणले निम्नानुसार सहयोग गर्न सक्छः

- ई-कमर्श (E-commerce), डिजिटल भुक्तानी, र अनलाइन मार्केटिङ जस्ता डिजिटल प्लेटफर्महरू मार्फत स्थानीय नवप्रवर्तन र साना व्यवसायहरूलाई प्रवर्द्धन गर्न।
- स्थानीय व्यवसाय र पूर्वाधारलाई प्रवर्द्धन गर्न डिजिटल उपकरणहरूको प्रयोग गरी आन्तरिक र वैदेशिक लगानी आकर्षित गर्न ।
- अनलाइन कर भुक्तानी, अनुमति प्रक्रिया र सार्वजनिक जानकारी तथा सूचना प्रवाह गर्न (ई-गभर्नेन्स प्रणाली) ।
- डिजिटल प्लेटफर्महरूको प्रयोग गरी स्वास्थ्य, शिक्षा, र यातायातजस्ता सार्वजनिक सेवाहरू नागरिकहरूको पहुँचमा सजिलै उपलब्ध गराउन।
- सार्वजनिक नीतिहरूको कार्यान्वयन सुनिश्चित गर्न, आर्थिक अवस्था अनुगमन गर्न र स्थानीय आवश्यकताअनुसार विकास कार्यक्रमहरूलाई परिमार्जन गर्न डाटा विश्लेषणको प्रयोग गर्न।

- स्थानीय जनशक्तिलाई  विशेष डिजिटल शीपहरू प्रदान गरी नयाँ रोजगारीका अवसरहरू  सिर्जना गर्न तथा डिजिटल अर्थतन्त्रको लागि तयार बनाउन ।
- स्मार्ट ग्रिड र स्मार्ट यातायात प्रणालीजस्ता स्मार्ट प्रविधिको प्रयोग गरी दिगो शहरी योजना र पूर्वाधार विकासमा सहयोग गर्न।
- वायु गुणस्तर, जल व्यवस्थापन जस्ता वातावरणीय सूचकहरूको निगरानी गर्न इन्टरनेट अफ थिङ्स )IoT) जस्ता डिजिटल उपकरणहरूको प्रयोग गरी दिगो आर्थिक विकास सुनिश्चित गर्न।
- ग्रामीण कृषि क्षेत्रमा उत्पादनशक्ति र दिगोपन बढाउन डिजिटल उपायहरू जस्तै), प्रिसिजन फार्मिङ, मौसम पूर्वानुमान( को प्रयोग गर्न।
- सेवा पहुँचमा पछाडी परेका समुदायहरूमा डिजिटल श्रोत र पूर्वाधारहरूको समान पहुँच सुनिश्चित गर्दै समावेशी विकास प्रवर्द्धन गर्न।
- डिजिटल कार्यक्रमहरू मार्फत महिलाहरू, युवा, र सीमान्तकृत समुदायहरूलाई सशक्त बनाउन, उनीहरूको आर्थिक सहभागिता र समावेशिता बढाउन।
- स्थानीय सरकार र निजी संस्थाहरूबीच सहकार्य प्रवर्द्धन गरी डिजिटल समाधान मार्फत स्थानीय आर्थिक विकासमा सहयोग पुर्याउन।
- निजी क्षेत्रको लगानीलाई स्थानीय डिजिटल पूर्वाधारमा प्रोत्साहन गर्ने, जसले स्थानीय सरकारमाथिको आर्थिक भारलाई कम गर्न।
- डिजिटल प्लेटफर्महरूको प्रयोग गरी स्थानीय पर्यटन, सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्न ।
- स्थानीय आविष्कारक र उद्यमीहरूलाई श्रोत र परामर्श प्रदान गर्न ।
- स्थानीय सरकारको सूचना र नागरिकहरूको व्यक्तिगत विवरणा सुरक्षित गर्न साइबर सुरक्षाका कडा उपायहरू लागू गर्न।

**नयाँ र परिवर्तनशील डिजिटल माध्यमहरू**को अवलम्बन गरी **स्थानीय आर्थिक तथा समग्र विकास योजनाहरूमा डिजिटल रणनीति**लाई समाहित गरी आर्थिक वृद्धि र सुशासनको लागि मार्ग प्रशस्त गर्न सकिन्छ ।यसले स्थानीय सरकारहरूलाई सेवा प्रवाहमा सुधार का साथै दिगो, समावेशी, र प्रतिस्पर्धात्मक स्थानीय अर्थतन्त्र विकास गर्न सहयोग पुर्याउँछ ।

## डिजिटल रणनीतिका आधार र सिद्धान्तहरू

डिजिटल रूपान्तरणको जटिलता र चुनौतीहरूलाइ प्रभावकारी रूपमा सामना गर्नको लागि डिजिटल रणनीतिले पालिकालाई बलियो ढाँचा प्रदान गर्दछ । निम्न आधारभूत सिद्धान्तहरूको अवलम्बन गरी यस परिवर्तन गाउँपालिकाको डिजिटल रणनीति तर्जुमा गरिएको छ ।

| | |
|---|---|
| प्रयोगकर्ता-केन्द्रित रणनीति<br>(Customer-Centric Strategies) | •प्रयोगकर्ताको आवश्यकताको विश्लेषण<br>•उपयुक्त प्रतिक्रिया प्रणालीहरू(Response Mechanism) को निर्माण |
| प्रदेश र संघिय सरकारको नीतिहरूसँगको सामञ्जस्यता | •संघीय संरचनाका निकायहरूबीचको रणनीतिक समन्वय<br>•संघ, प्रदेश र स्थानीय सरकारका नीतिहरूबीचको सामञ्जस्यता |
| तथ्यांकमा आधारित रणनीति<br>(Data Driven Strategies) | •रणनीति निर्माणमा तथ्यांकको उपयुक्त विश्लेषण<br>•तथ्यांकमा आधारित योजना तर्जुमा |
| नवीनता सहितको कुशल कार्यनीति<br>(New and Efficient Plans) | •डिजिटल युगको नवीनतासंगको रणनीतिक समायोजन<br>•कुशल कार्यनीतिको निर्माण |
| सहकार्य र साझेदारी<br>(Cooperation and Partnership) | •अन्तर विषयगत सहकार्यमार्फत रणनीति तर्जुमा<br>•विभिन्न सरोकारवालाहरूसँगको संलग्नता र साझेदारी |
| दिगो र दीर्घकालीन दृष्टिकोण | •दिगो अभ्यासहरूको विकास<br>•दीर्घकालीन योजनाको निर्माण |
| साइबर सुरक्षा र जोखिम व्यवस्थापन | •जोखिम मूल्याङ्कन, विश्लेषण र मापन<br>•जोखिम अनुसारका सुरक्षा उपायहरूको प्रयोग |
| विस्तारयोग्य र लचीलो योजना<br>(Scalable and Flexible Plans) | •भविष्यमा विस्तारयोग्य योजनाहरूको विकास<br>•योजना कार्यान्वयनमा समय, प्रविधी र जोखिम अनुकुल लचीलोपन |
| निरन्तर सिकाइ र सुधार<br>(Continuous Learning and Improvement) | •डिजिटल परिवर्तनसँगै निरन्तर सिकाइको सुनिश्चितता<br>•सिकाइ अनुसारको प्रकृयागत सुधार |
| अनुपालन | •नीति निर्माणमा तथा कार्यान्वयनमा कानूनको अनुपालना<br>•नैतिक अभ्यासहरूको विकास |

**कानुनी र नियामकीय प्रावधानहरू**

परिवर्तन गाउँपालिकाको डिजिटल रणनीति तर्जुमा गर्दा स्थानीय आवश्यकता, क्षमता र राष्ट्रिय डिजिटल लक्ष्यहरूसँगको सामञ्जस्यतालाई मध्यनजर गरिएको छ । साथै डिजिटल रणनीति तर्जुमा गर्दा र सञ्चालन गर्नका लागि आधार लिइएका केहि मुख्य कानुनी र नियामक प्रावधानहरू निम्न प्रकारका छन्ः

| मुख्य कानुनी तथा नियामकीय प्रावधानहरू |
|---|
| नेपालको संविधान (२०७२) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| राष्ट्रिय ICT नीति (२०७२) |
| इलेक्ट्रोनिक कारोबार ऐन )ETA), २०६३ |
| सूचनाको हक ऐन (२०६४) |
| साइबर सुरक्षा नीति (२०७८) |
| सार्वजनिक खरिद ऐन (२०६३) |
| डिजिटल नेपाल फ्रेमवर्क (२०७६) |
| ई(२०१५) गभर्नेन्स मास्टर प्लान- |
| खुला डेटा नीति (२०७४) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ |
| वित्तिय साक्षरता मार्गदर्शन (Financial Literacy Framework) नेपाल राष्ट्र ,बैंक |
| वित्तिय समावेशीकरण नीति )Financial Inclusion Policy(, नेपाल राष्ट्र बैंक |
| दिगो विकास लक्ष्यसंयुक्त राष्ट्र संघ , |
| नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको आर्थिक नीति तथा कार्यक्रम |

# खण्ड २ डिजिटल रणनीतिको उपादेयता

डिजिटल रणनीतिको उपादेयता समाज र अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा ठूलो प्रभाव पार्ने क्षमता राख्छ। यसले स्थानिय सेवाहरूलाई अधिक प्रभावकारी, पहुँच योग्य र समावेशी बनाउन मद्दत पुर्याउँछ। डिजिटल रणनीतिको उपयोगबाट विभिन्न क्षेत्रमा विशेष लाभहरू प्राप्त गर्न सकिन्छः

डिजिटल रणनीतिले **स्थानिय तहको सेवा प्रवाहलाई** सजिलो बनाउँछ। स्वास्थ्य क्षेत्रमा, टेलिमेडिसिन र ई-हेल्थ जस्ता प्रणालीहरूले ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्याउन मद्दत पुऱ्याउँछ। साथै, डिजिटल स्वास्थ्य अभिलेख प्रणालीले सेवा पुर्याउनमा सहुलियत प्रदान गर्छ।

**सूचना प्रवाह तथा सञ्चारको सुधार** पनि डिजिटल रणनीतिको अर्को महत्त्वपूर्ण पक्ष हो। इन्टरनेटको विस्तार, मोबाइल प्रविधि, र डिजिटल सूचना प्रणालीले सरकारी तथा निजी क्षेत्रका सेवाहरू नागरिकहरूसम्म प्रभावकारी रूपमा पुऱ्याउन मद्दत गर्दछ। यसबाट समाजमा सूचनाको प्रवाह र जनसम्पर्क द्रुत र सहज हुन्छ।

**स्थानीय सरकारको क्षमता अभिवृद्धि**मा पनि डिजिटल रणनीतिको ठूलो भूमिका रहेको छ। नागरिकहरुको सहभागिता बढाउन सरकारी सेवा सरल, पारदर्शी, र प्रभावकारी बनाउने काममा डिजिटल प्रविधिहरूले ठूलो योगदान पुऱ्याउँछ।

**डिजिटल साक्षरता प्रवर्द्धन, कृषि तथा उद्यमशिलता प्रवर्द्धन,** र **समावेशी वित्तीय पहुँच** का लागि पनि डिजिटल समाधानहरू प्रभावकारी रहेका छन्। डिजिटल भुक्तानी प्रणाली, मोबाइल बैंकिङ, र डिजिटल वालेटको माध्यमबाट बैंकिंग सेवा नपुगेका नागरिकलाई वित्तीय सेवामा पहुँच पुर्याउन सकिन्छ। यसका साथै, डिजिटल प्लेटफर्महरूले रोजगारी सिर्जना र उद्यम प्रवर्द्धनमा सहयोग हुनेछ।

डिजिटल प्लेटफर्महरू, अनलाइन व्यवसाय र सूचना प्रविधि-सम्बन्धित तालिमहरूले विशेषगरी ग्रामीण क्षेत्रमा **रोजगारी सिर्जना र उद्यम प्रवर्द्धन** गर्न ठूलो भूमिका खेल्छ। डिजिटल प्रविधिको पहुँचले घरमै बस्दै अनलाइन व्यवसाय सञ्चालन गर्न ग्रामीण जनतालाई नयाँ अवसरहरू प्रदान गर्छ। अनलाइन मार्केटिङ, डिजिटल सेवाहरू, र ई-कमर्स जस्ता क्षेत्रहरूमा रोजगारका नयाँ अवसरहरू सिर्जना हुन्छन्।

अन्तिममा, **विपद् व्यवस्थापन** को क्षेत्रमा पनि डिजिटल प्रविधि अत्यधिक उपयोगी साबित भएको छ। प्राकृतिक प्रकोप, महामारी, वा अन्य आपत्कालीन परिस्थितिमा तिव्र सूचना आदानप्रदान र राहत सेवा वितरणमा डिजिटल रणनीतिको भूमिका महत्त्वपूर्ण छ। यसरी, डिजिटल रणनीतिले समग्र समाजको विकासमा एक सकारात्मक परिवर्तन ल्याउँछ।

# परिच्छेद ३ वर्तमान परिदृश्य विश्लेषण

परिवर्तन गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लामा अवस्थित छ। परिवर्तन गाउँपालिका पर्यटकीय स्थलको प्रचुर सम्भावना र प्राकृतिक सौन्दर्यले भरिपुर्ण रहेको छ। यस गाउँपालिकाको क्षेत्रफल ६२.९४ व.कि.मि रहेको छ ।

**श्रोत तथा साधनहरुको जानकारी**

परिवर्तन गाउँपालिकामा जम्मा ६ वटा वडाहरु छन् । यस पालिकामा जनप्रतिनिधिहरुको संख्या जम्मा ३५ रहेको छ जसमा १२ जना महिला तथा २३ जना पुरुष रहेका छन् । गाउँपालिकामा जम्मा ४६८२ घरधुरी रहेको छ ।

परिवर्तन गाउँपालिकामा जम्मा ४३ शैक्षिक संस्था रहेको छ जस्मा प्राथमिक ,निम्न माध्यमिक , क्रमश .वि .उच्च मा ,माध्यमिक२६ ,५ ,८को संख्यामा रहेको छ ,४ ,। स्नातक तह वा सो भन्दा माथिको पाठ्यक्रम हुने शैक्षिक संस्था भने गाउँपालिकामा छैन। पालिका साक्षर जनसंख्याको प्रतिशत ७३.९% रहेको छ ।परिवर्तन गाउँपालिकामा स्वास्थ्य केन्द्र संख्या जम्मा १० वटा रहेको छ ।

परिवर्तन गाउँपालिकामा ईन्टरनेट प्रयोग गर्ने माध्यम तारसहित, वायरलेस र मोवाइल डाटा रहेको छ ।पालिकाको विद्यालयस्वास्थ्य र सार्वजनिक सेवा केन्द्रहरुमा ईन्टरनेटको पँहुचको व्यवस्था , पब्लिक वाईफाईको व्यवस्था पालिकामा रहेको छैन ।पालिकामा इन्टरनेटको गरिएको छ । तर प्रयोग करिब २.१% घरधुरीमा रहेको छ।[१]

परिवर्तन गाउँपालिकामा हालसम्म जम्मा १ वटा “क” वर्गको बैंक तथा वित्तीय संस्थाको उपस्थिती रहेको छ । यस पालिकामा “ख”,“ग” र “घ” वर्गको कुनै पनि बैंक तथा वित्तीय संस्थाको उपस्थिती छैन। यस पालिका बैंक तथा वित्तीय संस्थाको एटिएम संख्या शून्य रहेको छ । पालिकामा करिब ५५जनसंख्याको बैंक खाता रहेको छ । जस मध्य इन्टरनेट बैंकिङ्ग वा मोबाइल वालेटको % प्रयोगकर्ता करिब२०छ %।[२]

परिवर्तन गाउँपालिकामा हालसम्म क्रियाशील सहकारीको संख्या ७ रहेको छ ।जस मध्य कृषि सहकारी ३ ,१दुग्ध सहकारी ,बचत तथा कृण सहकारी ६ संख्यामा रहेको छ ।

परिवर्तन गाउँपालिकामा विद्युतीय शुसासन सेवा अन्तर्गत घटना दर्तासामाजिक सुरक्षाको , संपर्क माध्यम ,विभिन्न प्रतिवेदनहरु ,फारमहरुको विवरण ,नागरिक बडापत्र ,लाभग्राहीहरुको विवरण र सुचना तथा जानकारीहरु आफ्नो वेभसाइटबाट जोकोहिले पंहुच लिन सक्ने व्यवस्था छ । पालिकामा घटेका घटनाहरु जस्तै जन्मसम्बन्ध विच्छेद लगायत अन्य घटनाहरुको ,विवाह ,मृत्यु , ,साधनहरु ,पालिकाको वेभसाइटमा स्थानिय श्रोतहरु ,दर्ता हुने व्यवस्था मिलाइएको छ । साथै उत्पादन तथा व्यवसायहरुको जानकारीको व्यवस्था मिलाइएको छ ।यस्तै सार्वजनिक महत्वका सुचनाकोडिजिटल सम्प्रेषण वेभसाइट मार्फत हुने व्यवस्था मिलाइएको छ ।

## हालको डिजिटल वित्तीय पहुँचको विश्लेषण

परिवर्तन गाउँपालिकामा करिब ५५ जनसंख्याको बचत खाता रहेको छ जस मध्य %९१ % ४जनसंख्याको सक्रिय बचत खाता रहेको छ।पालिकामा करिब ७पुरुष जनसंख्याको सक्रिय बचत % खाता रहेको छ भने करिब २२महिला जनसंख्याको सक्रिय बचत खाता रहेको छ ।पालिकाको % " सबै जनसंख्याले आर्थिक कारोबार गर्नक" वर्गको बैंक एक वटा संस्थामा निर्भर रहन परेको छ ।[२]


परिवर्तन गाउँपालिकामा डेबिट कार्ड प्रयोग गर्ने जनसंख्या ६५२ रहेको छ त्यस्तै इन्टरनेट बैंकिङ प्रयोग गर्ने जनसंख्या ७३१ रहेको छ भने मोबाइल बैंकिङ प्रयोग गर्ने जनसंख्या ४००० रहेको छ ।परिवर्तन गाउँपालिकामा बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह १ करोड ६४ लाख भएको छ भने बचत संकलन ३१ करोड ३७ लाख रहेको छ।पालिकामा रहेका बैंक वित्तीय संस्थाहरुको बचत खाताहरुमा औषत बचत रु २६ हजार रहेको छ।[२]


## वर्तमान आर्थिक स्थितिको विश्लेषण

परिवर्तन गाउँपालिकामा ६९.१ जनसंख्या आर्थिक गतिविधीमा %सक्रिय रहेको छ। पालिकाको कुल जनसंख्याको ९४जनसंख्या % कुनै पेशा-व्यवसायमा कार्यरत छन् जसमा कुल पुरुष जनसंख्या मध्य ९२.३% कार्यरत छन् भने कुल महिला जनसंख्या मध्य ९५.५ %कार्यरत छन्। पालिकामा आ .व. मा ८०-२०७९६४ करोड आय संकलन भएको थियो भने ६५ करोड खर्च भएको थियो। सो अवधीमा पालिकाले आन्तरिक श्रोतबाट ५४.०९ लाख आय संकलन गरेको थियो। चालु खर्च

शिर्षकमा पालिकामा २७.८३ करोड खर्च भएको थियो भने पुजिगत खर्च पालिकामा ३७.२३ करोड खर्च भएको थियो ।

**आ मा ८०-२०७९ .व.परिवर्तन गाउँपालिकाको समस्टिगत स्वमूल्याङ्कनको अवस्था निम्नानुसार रहेको छ।**




माथि देखाइए बमोजिमको विवरण अनुसार थबाङ्ग गाउँपालिकाको समष्टिगत स्वमूल्याङ्कन अङ्कभार ८०.२५ % भन्दा (%५८.७२) रहेको छ जुन नेपालको स्थानीय तहको औषत अङ्कभारबढी भएतापनि यस अङ्कभारलाई संख्यात्मक र गुणात्मक निरन्तरता र सुधार आजको अपरिहार्य आवश्यकता रहेको छ ।[३]

## विश्लेषण तथा निष्कर्ष

परिवर्तन गाउँपालिकामा शिक्षाका लागि विद्यालयहरू प्रशस्त भए पनि स्नातक वा सोभन्दा माथिको अध्ययनका लागि कुनै संस्था छैन। साक्षरता दर राम्रो भए पनि स्वास्थ्य सेवाको लागि सीमित स्वास्थ्य केन्द्रहरू रहेका छन्। इन्टरनेट सुविधा केही हदसम्म उपलब्ध भए पनि सार्वजनिक वाइफाइको व्यवस्था छैन। वित्तीय सेवा सीमित छन्, जहाँ केवल एउटा वाणिज्य बैंक रहेको छ र

एटिएम सुविधा उपलब्ध छैन, तर सहकारी संस्थाहरूले पूरक भूमिका खेलेका छन्। डिजिटल वित्तीय पहुँच विस्तार हुँदै गएको देखिन्छ, विशेष गरी मोबाइल बैंकिङको प्रयोग उल्लेखनीय छ। विद्युतीय शुसासन लागू गरी नागरिक सेवाहरू अनलाइन उपलब्ध गराइएको छ। आर्थिक रूपमा, अधिकांश जनसंख्या कुनै न कुनै पेशामा संलग्न छन्, पालिकाको आय-व्यय लगभग सन्तुलित छ, र आन्तरिक स्रोतबाट सीमित आम्दानी संकलन भइरहेको छ। राष्ट्रिय औसतभन्दा राम्रो प्रदर्शन भए पनि दीर्घकालीन विकासका लागि निरन्तर सुधार आवश्यक देखिन्छ।

**श्रोतः**

[१] **रष्ट्रिय तथाङ्क विभाग** https://censusnepal.cbs.gov.np/results/population

[२] **नेपाल राष्ट्र बैंक** Financial Inclusion Dashboard https://emap.nrb.org.np/

[३] **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कलन** https://lisa.mofaga.gov.np/home

# परिच्छेद ४ परिवर्तन गाउँपालिकाको डिजिटल रणनीतिको सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

*सामाजिक परिवर्तनका लागी प्रविधिमैत्री परिवर्तन* नारालाई आत्मसाथ गर्दै यस परिवर्तन गाउँपालिकामा डिजिटल रुपान्तरणको माध्यमबाट सम्वृद्ध गाँउपालिकाको आधार तय गरी वि .सं. " सम्ममा २०८५डिजिटल पालिका" को रुपमा चिनाउने ।

**लक्ष्य**

डिजिटल रणनीतिको अवलम्बन गरी स्थानीय तहको समष्टिगत मूल्याङ्कनमा अब्बल पालिकाको रुपमा परिवर्तन गाउँपालिकालाई चिनाउनु यस रणनीतिको लक्ष्य रहेको छ ।"डिजिटल पालिका" को रुपमा चिनाउन पालिकाले यथासम्भव कार्यहरुलाई डिजिटलाइज गर्ने लक्ष्य लिएको छ ।

परिवर्तन गाउँपालिकाको लक्ष्यका परिमाणत्मक र परिष्कृत विवरण **अनुसुची-१** बमोजिम हुनेछ ।

**उद्देश्य**

स्थानीय सरकारको सोच र लक्ष्यलाई कार्यान्वयन गरी यस रणनीतिमार्फत निम्नबमोजिमका उद्देश्य हासिल गरिनेछः

- जनस्तरमा प्रविधिको प्रयोगमा व्यापकता
- प्रविधिको पहुँचका लागि आवश्यक पूर्वाधारको सुनिश्चितता
- डिजिटल साक्षरता र सचेतना अभिवृद्धि गरी प्रविधिको सदुपयोगिता
- युवा, महिला, अशक्त तथा आर्थिक सामाजिक रुपले पिछडिएका व्यक्तिहरुलाई प्रविधिगत नवीनतासँग सामञ्जस्य मिलाई सामाजिक आर्थिक रुपान्तरणको मूलप्रवाहमा प्रवाहिकरण
- डिजिटल प्रविधिको प्रयोग गरी चुस्त दुरूस्त सार्वजनिक सेवा प्रवाह तथा संस्थागत सुशासन प्रवर्द्धन

# परिच्छेद ५ रणनीति र कार्यनीति

## खण्ड-१ः डिजिटल पूर्वाधार र पहुँच

परिवर्तन गाँउपालिकालाई अग्रणी डिजिटल पालिका बन्ने लक्ष्य तथा रणनीतिहरुलाई समयसापेक्ष परिष्कृत तथा कार्यान्वयन गर्न डिजिटल पुर्वाधार विकासको महत्वपुर्ण भुमिका रहन्छ।डिजिटल पूर्वाधार विकास मात्र नभई सो को पहुँच पनि त्यति नै जरुरी रहेको छ ।

डिजिटल पूर्वाधार र पहुँच विकासका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| डिजिटल रुपान्तरणका लागि आवश्यक संगठनात्मक, संरचनात्मक तथा भौतिक पूर्वाधारको विकास गर्न समन्वयात्मक र सहभागितामूलक भूमिका निर्वाह गर्ने | **<u>डिजिटल प्रोफाइल निर्माण</u>**<br>• गाउँपालिकाको डिजिटल प्रोफाइललाई परिष्कृत र विस्तारित रुपमा तयार गरी आवधिक रुपमा अद्यावधिक समेत गरिनेछ । यस सम्बन्धमा डिजिटल रुपमा तथ्यांक र विवरण संकलनका लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>**<u>सूचना प्रविधिका पूर्वाधारहरुको व्यवस्थापन</u>**<br>• डिजिटल रणनीति अन्तर्गतका परियोजनाहरु कार्यान्वयन गर्दा संकलित सूचना, तथ्यांक र कागजातहरुको अभिलेखीकरण, सुरक्षा तथा सूचना प्रविधि जोखिम न्यूनीकरणका लागि सर्भर, Data base Management system, Antivirus लगायतका सूचना प्रविधिका पूर्वाधारहरुको आवश्यक व्यवस्थापन गरिनेछ ।<br>**<u>विद्युतको पहुँच</u>**<br>• गाउँपालिका भित्रका सम्पूर्ण घरधुरीमा भरपर्दो विद्युतको पहुँच सुनिश्चित गरिनेछ । यसका लागि विद्युत प्राधिकरण तथा लघु जलविद्युत आयोजनाहरुसँग आवश्यक समन्वय गरिनेछ । साथै सौर्य विद्युत तथा वैकल्पिक उर्जामार्फत विद्युत पहुँच विस्तार गर्न आवश्यक समन्वय गरिनेछ।<br>**<u>मोबाइल नेटवर्कको पहुँच</u>**<br>• गाउँपालिका भित्रका सम्पूर्ण क्षेत्रमा मोबाइल नेटवर्कको पहुँच सुनिश्चित |

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| | गरिनेछ । यसका लागि नेपाल टेलिकम तथा अन्य दूरसंचार प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।<br><br>**<u>इन्टरनेट सेवाको पहुँच</u>**<br>• गाउँपालिका भित्रका प्रत्येक सरकारी कार्यालय, शैक्षिक संस्था, अस्पताल, बैंक, वित्तिय संस्था र सहकारी संस्था, हाट बजार लगायतका सार्वजनिक क्षेत्रहरु पहिचान गरी पब्लिक वाईफाई हटस्पट स्थापना गर्ने कार्य गरिनेछ ।<br>• प्रत्येक घरधुरीमा इन्टरनेटको पहुँच सुनिश्चित गर्न इन्टरनेट सेवा प्रदायक कम्पनी तथा गैर सरकारी संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।<br>• अति दुर्गम स्थानमा इन्टरनेट सेवाको पहुँच पुऱ्याउन स्याटेलाइट इन्टरनेट सेवा विस्तार गर्न पहल गरिनेछ । |

**खण्ड -२ः डिजिटल साक्षरता**

अहिलेको आधुनिक डिजिटल यूगमा डिजिटल साक्षरताको महत्व धेरै नै छ। स्थानिय तहको काम चुस्त बनाउन, प्रविधीको ठिक तवरले उपभोग गरेर अधिकतम फाइदा लिन सकिने हुदा डिजिटल साक्षरता कार्यक्रमको महत्वपूर्ण भुमिका रहन्छ।

डिजिटल साक्षरता बढाउनका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| पालिकामा डिजिटल साक्षरता अभिवृद्धि गरी डिजिटल प्रविधिको अधिकतम उपभोगिता सुनिश्चित गर्न दक्ष जनशक्ति | **<u>दक्ष जनशक्ति पहिचान तथा प्रवर्द्धन</u>**<br>• गाउँपालिका क्षेत्रमा डिजिटल साक्षरता अभिवृद्धि गर्न उपलब्ध दक्ष जनशक्ति पहिचान तथा प्रवर्द्धन गरिनेछ । यसका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, बैंक, वित्तिय संस्था हरुसँग आवश्यक समन्वय गरिनेछ । पालिका डिजिटल च्याम्पियनको अवधारणालाई निरन्तरता गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा डिजिटल साक्षरता अभिवृद्धि गर्न प्रशिक्षक प्रशिक्षण |

| | |
|---|---|
| व्यवस्थापन, संघ संस्थाहरुसँगको समन्वय तथा तालिम र सचेतना अभिवृद्धिलाई जोड दिइने । | कार्यक्रम (Training of Trainers) संचालन गरिनेछ ।<br><br>**<u>डिजिटल वित्तिय साक्षरता कार्यक्रम संचालन</u>**<br>• गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक बैंक तथा वित्तिय संस्थाले वार्षिक रुपमा वित्तिय साक्षरता कार्यक्रम सँगै डिजिटल वित्तिय साक्षरता कार्यक्रम संचालन गर्न आवश्यक समन्वय गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक लघुवित्त संस्थाले वार्षिक रुपमा सबै समूहहरुमा डिजिटल वित्तिय साक्षरता कार्यक्रम संचालन गर्न गर्न आवश्यक समन्वय गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक सहकारी संस्थाले वार्षिक रुपमा सबै सदस्यहरुलाई डिजिटल वित्तिय साक्षरता कार्यक्रम संचालन गर्न अभिप्रेरित गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका शैक्षिक संस्थाले वार्षिक रुपमा सबै अभिभावक तथा विद्यार्थीहरुलाई डिजिटल साक्षरता कार्यक्रम संचालन गर्न अभिप्रेरित गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाले वार्षिक रुपमा स्वास्थ्य स्वयंसेवक तथा आमा समूहहरुलाई डिजिटल साक्षरता कार्यक्रम संचालन गर्न अभिप्रेरित गरिनेछ ।<br>• डिजिटल वित्तिय साक्षरता कार्यक्रम संचालन गर्दा न्यूनतम सिकाई, पृथक विषयवस्तुको समावेशीता तथा अद्यावधिक पाठ्यक्रम सुनिश्चित गर्न शैक्षिक संस्था, गैर सरकारी संस्था, बैंक, वित्तिय संस्था, लघुवित्त, सहकारी लगायतका संस्थाहरु सम्मिलित वार्षिक कार्यशाला गोष्ठी आयोजना गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रको डिजिटल प्रवर्द्धनमा सहयोग गर्ने उत्कृष्ट व्यक्ति र संस्था पहिचान गरी पुरस्कारको व्यवस्था गरिनेछ ।<br>• शारिरिक रुपले अशक्त व्यक्तिहरुलाई लक्षित गरी डिजिटल साक्षरता र डिजिटल माध्यमको प्रयोगको सिकाई अभिवृद्धि गर्न तालिम संचालन |

| | |
|---|---|
| | गरिनेछ। |

**खण्ड -३: कृषी**

परिवर्तन गाँउपालिकामा करिब ८५% व्यक्तीहरु कृषीमा आवद्ध छन्। कृषीमा डिजिटाइजेसन मार्फत कृषकहरुको आम्दानी बढाउन, कृषीमा गरिएको लगानि सुरक्षित गर्न र उत्पादन बृद्धी गर्न सकिने आधार भएका कारणले निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन् -

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| कृषि क्षेत्रमा प्रविधि, प्राविधिकहरु र प्राविधिक ज्ञानको पहुँच विस्तारित गर्ने, डिजिटल भुक्तानी माध्यमको प्रवर्द्धन गर्ने, बजारसँगको पहुँच विस्तार तथा लगानी सुरक्षित गरी आर्थिक विकासमा टेवा पु¥याउने । | **<u>कृषि पोर्टलको व्यवस्थापन</u>**<br>• कृषि क्षेत्रमा प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्न पालिकाले कृषि पोर्टलको व्यवस्था गर्नेछ । यस सम्बन्धी कार्यका लागि कृषि तथा सूचना प्रविधि विज्ञ परामर्शदाता मार्फत कार्य सम्पादन गरिनेछ ।<br>• कृषि पोर्टलमार्फत कृषि अनुदान, मल वितरण, मौसमी विवरण, खेती विधि र पद्धति, रोग र समाधानका उपाय लगायतका सूचना, तालिम सामाग्री र समाचार सम्प्रेषण गर्ने व्यवस्था मिलाईनेछ ।<br>• कृषि क्षेत्रलाई डिजिटाइजेशन गर्न वृहत कृषक लगत संकलन कार्य गरिनेछ । यस लगतमार्फत कृषकको वैयक्तिक विवरण, बालीनाली तथा पशुपंक्षीको विवरण, खेतीयोग्य तथा खेती गरिएको जमीनको विवरण, उत्पादन विवरण लगायतका विवरणहरु संकलन गरि आवश्यक रणनीतिको आधार तय गरिनेछ।<br>**<u>कृषिमा अनलाइन प्रविधिको प्रयोग</u>**<br>• डिजिटल नेपाल फ्रेमवर्कमा उल्लेखित ईहाट बजारको परियोजनालाई अघि - बढाईनेछ । कृषि उपजको बजारीकरणका लागि कृषि पोर्टलमार्फत Ecommerce marketplace को अवधारणालाई प्रयोगमा ल्याइनेछ । साथै marketplace मा भुक्तानीको सहजताका लागि payment gateway integration गर्न बैंक, wallet company, payment system operators लगायतका संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।<br>• कृषि उपजको बजार विस्तारिकरण गर्न हाल प्रचलित ecommerce |

| | |
|---|---|
| | marketplace को अधिकतम सदुपयोगिता प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक तालिमको समेत व्यवस्था गरिनेछ ।<br>• पालिका क्षेत्रभित्र रहेका हाट बजार तथा विक्री केन्द्रहरुमा डिजिटल भुक्तानी उपकरण मोबाइल बैंकिङ्ग), वालेट लगायतकामार्फत भुक्तानी गर्न ( रQR मार्फत भुक्तानी लिन प्रोत्साहित गरिनेछ । डिजिटल भुक्तानीका फाइदाहरु, प्रयोगका तरिका लगायतका विषयहरु बैंक, वित्तिय संस्था, कृषि सहकारी, गैर सरकारी संस्थाहरुले प्रदान गर्ने तालिमको विषयवस्तुभित्र संलग्न गरिनेछ ।<br>• कृषि कार्यमा तथा भुक्तानीमा प्रविधिका प्रयोग प्रोत्साहित गर्न "डिजिटल सुपर कृषक "पुरस्कारको व्यवस्था गरिनेछ । पुरस्कारको लागि छनौट मापदण्डहरु तर्जुमा गरिनेछ ।<br>**<u>कृषक र कृषि प्राविधिकको समन्वय</u>**<br>• स्थानिय तहले कृषि पोर्टलमार्फत कृषकलाई कृषि प्राविधिकहरुसँग जोड्न कृषि कार्यालय, प्राविधिक शिक्षालय, कृषि विज्ञ परामर्शदाता संस्थाहरु तथा गैर सरकारी संस्थाहरुसँग आवश्यक समन्वय गर्नेछ ।<br>**<u>कृषि बीमालाई प्रोत्साहन</u>**<br>• कृषि बीमालाई प्रोत्साहित गरी व्यवसायिक कृषिमा कृषकको लगानी सुरक्षित गरिनेछ । बीमा र दाबी प्रकृयालाई सहज र सरल बनाउन बीमा कम्पनीहरुसँग आवश्यक समन्वय गरिनेछ । |

## खण्ड -४: पर्यटन

परिवर्तन गाँउपालिकाको पर्यटन प्रवर्धन गर्न पर्यटनमा डिजिटाइजेसन आवश्यक रहेको छ। डिजिटाइजेसन मार्फत डिजिटल मार्केटिङ, अनलाइन बुकिङ, र सूचना पहुँच सुधार गर्न सकिने हुनाले यस गाँउपालिकाको पर्यटनमा सुधारका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| पर्यटकीय प्रवर्द्धनमा प्रविधिको प्रयोग गरी पालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाई आर्थिक सम्बृद्धि प्रोत्साहित गर्ने । | **<u>पर्यटकीय क्षेत्रकरुको प्रवर्द्धन</u>**<br>• गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रकरुको प्रवर्द्धनका लागि डिजिटल पर्यटक सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>• आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि सामाजिक संजालको अधिकतम प्रयोगमा जोड दिइनेछ । यस किसिमका प्रवद्र्धनात्मक सामाग्री तयार गर्न प्राविधिक दक्षताका लागि आवश्यक समन्वय गरिनेछ ।<br>**<u>पर्यटकीय क्षेत्रकरुको अभिलेखीकरण</u>**<br>• पर्यटकीय क्षेत्रहरुको Interactive Visual Map विकास गरी सम्प्रेषण गरिनेछ।<br>• गाउँपालिका क्षेत्रमा रहेका होटेल, होमस्टेहरुको अभिलेखीकरण गरि पालिकाको वेवसाइट मार्फत सम्पर्क विवरण लिने तथा बुक गर्न सकिने व्यवस्था गरिनेछ । |

## खण्ड -५: उद्यम र रोजगारी

डिजिटाइजेसनले गाउँपालिकामा उद्यम प्रवर्द्धन र रोजगारी श्रृजना गर्न महत्वपूर्ण भूमिका खेल्छ। स्थानीय उत्पादनको अनलाइन बिक्री बढाउने, युवा उद्यमीहरूलाई सशक्त बनाउने जस्ता उद्यम र रोजगारीमा सुधारका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| उद्यम, उद्यमशीलता, शीर्जनशीलता र रोजगारी प्रवर्द्धनमा प्रविधिको अधिकतम प्रयोग सुनिश्चित गरी नागरिकको जीवनस्तर सुधार गर्न | **<u>उद्यममा डिजिटाइजेसन</u>**<br>• उद्योग, व्यवसाय दर्ता गर्न, नवीकरण गर्न तथा पालिका सँग सम्बन्धित अन्य आवश्यक कार्यहरु डिजिटल प्रणालीमार्फत गर्न सकिने व्यवस्था मिलाईनेछ।<br>• पालिका क्षेत्रका औद्योगिक उत्पादनको बजारीकरणमा सहजता प्रदान गर्न E-commerce platform को प्रयोगलाई जोड दिइनेछ । यसका लागि आवश्यक तालिमको समेत व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| पहल गर्ने । | • उद्योग व्यवसायमा डिजिटल भुक्तानीको प्रयोग विस्तार गर्न उद्योग व्यवसाय दर्ता तथा नवीकरण गर्दा व्यवसाय QR प्रयोगमा ल्याएको प्रमाण पेश गरेमा दर्ता , नवीकरण शुल्कमा छुटको व्यवस्था गरिनेछ ।<br>**प्रोत्साहन प्रवर्द्धन कार्यविधि संचालन**<br>• नवप्रवर्तन र उद्यमीहरुलाई प्रोत्साहन गर्न नवप्रवर्तन प्रोत्साहन प्रवर्द्धन कार्यविधि संचालन गरिनेछ । प्रमुख रुपमा उद्यम व्यवसायहरुको डिजिटल प्रोफाइल तयार गर्नु, डिजिटल मार्केटिङ्गमा सहजीकरण गर्नु तथा लगानीकर्ता सम्मको पहुँच विस्तार गर्नु यस कार्यविधिको प्रमुख लक्ष्य हुनेछ ।<br>• रोजगारी प्रवर्द्धन मा सहयोग गर्न अनलाइन शीपमूलक तालिमहरुको व्यवस्था गरी शीप विकासमा साझेदारी गरिनेछ ।<br>• युवा र महिला लक्षित रोजगारी पोर्टलको विकास गरी रोजगारी खोजीमा आवश्यक समन्वय गरिनेछ । |

## खण्ड -६: वित्तीय सेवा

परिवर्तन गाँउपालिकाको वित्तीय सेवालाई सहज, पारदर्शी र प्रभावकारी बनाउन डिजिटाइजेसनको महत्वपुर्ण भूमिका रहेको छ। नगदरहित कारोबारलाई प्रवर्द्धन गर्ने, अनलाइन बैंकिङ, मोबाइल वित्तीय सेवा, लघुवित्तको सेवा जस्ता सेवाहरुको पहुँचले ग्रामीण भेगमा बढाउने जस्ता कार्यहरु गरेर गाउँपालिकामा वित्तीय सेवाको उपभोग अधिकतम बढाउन लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| "प्रत्येक व्यक्तिको बैंक खाता, प्रत्येक साक्षर व्यक्तिको मोबाइल बैंकिङ्ग "को अवधारणा सहित सहकारी तथा वित्तिय | **वित्तीय सेवामा डिजिटाइजेसन**<br>• गाउँपालिका क्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई म्यानुअल सिस्टमबाट डिजिटल सिस्टम लागु गर्न प्रोत्साहित गरिनेछ । यसका लागि गाउँपालिकाले सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गर्नेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका सहकारी संस्थाहरुको COPOMIS मा आवद्धता र तोकिएबमोजिमको सूचना प्रविष्टि सुनिश्चित गरिनेछ । |

| | |
|---|---|
| सेवामा डिजिटल माध्यमबाट वित्तिय पहुँचको विस्तार गर्ने । | • सहकारीको वचत संकलन तथा तथा कर्जा प्रवाह र कर्जा भुक्तानी गर्दा QR माध्यमको प्रयोगलाई प्रोत्साहित गरिनेछ । यसका लागि बैंक, वित्तिय संस्था र सहकारीहरुको बीचमा आवश्यक समन्वय गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका सहकारी संस्थाहरुको COPOMIS मार्फत कर्जा गुणस्तर, कर्जा जोखिम लगायतका विषयहरुको निरन्तर अनुगमन गरिनेछ ।<br>**<u>बैंकिङ्ग कार्यलाई प्रोत्साहन</u>**<br>• "प्रत्येक व्यक्तिको बैंक खाता, प्रत्येक घरधुरीमा डिजिटल बैंकिङ्गको पहुँच " को अवधारणालाई कार्यान्वयन गरिनेछ । यसका लागि गाउँपालिकाले बैंक तथा वित्तिय संस्थाहरुसँग आवश्यक समन्वय गर्नेछ ।<br>• पालिकाबाट मोबाइल मार्फत सजिलो कर्जा प्रवाह गरी कृषि, उद्यम लगायतका क्षेत्रमा सहजीकरण गर्न सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।<br>**<u>डिजिटल हेल्पडेस्कको स्थापना</u>**<br>• अनलाइन ठगी तथा अन्य डिजिटल समस्या समाधानको बारेमा जनतालाई सहजीकरण गर्न, तत्काल रोकथाम गर्न तथा प्रहरी लगायतका अन्य निकायमा जानकारी प्रवाह गर्न पालिकाको मातहतमा डिजिटल हेल्पडेस्कको स्थापना गरिनेछ ।<br>• डिजिटल वित्तिय पहुँच सँगै हुन सक्ने जोखिमको बारेमा जानकारी र तालिमलाई डिजिटल साक्षरता कार्यक्रमको अभिन्न अंग बनाई कार्यान्वयन गरिनेछ । |

**खण्ड -७: शिक्षा प्रणाली**

परिवर्तन गाँउपालिकाको शिक्षा प्रणालीलाई प्रविधिमैत्री, समावेशी र प्रभावकारी बनाउने, अनलाइन कक्षा, डिजिटल लाइब्रेरी, र ई-लर्निङ प्लेटफर्ममार्फत विद्यार्थीहरूलाई सहज शिक्षा प्रदान गर्ने, विद्यार्थी तथा शिक्षकका लागि डिजिटल उपस्थितिमार्फत विद्यालय प्रशासन सुधार गर्ने जस्ता शिक्षा प्रणालीमा सुधारको लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| प्रविधिमैत्री र प्रविधिमा आधारित शिक्षा प्रोत्साहित गरी डिजिटल शैक्षिक व्यवस्थापनमार्फत नवीनतम ज्ञान र शीप प्रवर्द्धन गर्दै दिगो सामाजिक विकासको लक्ष्य हासिल गर्ने । | **<u>शैक्षिक संस्थाहरुको व्यवस्थापन</u>**<br>• स्थानिय तह भित्र रहेका शैक्षिक संस्थाहरुको व्यवस्थापनका लागि पालिकाको आफ्नै विद्यालय व्यवस्थापन प्रणाली विकास गरिनेछ । प्रणाली मार्फत शिक्षक तथा विद्यार्थी हाजिरी, परीक्षाफल अभिलेख, गृहकार्य सूचना सम्प्रेषण, अभिभावक सम्पर्क लगायतका कार्य सम्पादन तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ । यसका लागि सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ । साथै सो प्रणालीलाई शिक्षा मन्त्रालयको EMIS प्रणालीसँग जोड्न आवश्यक समन्वय गरिनेछ ।<br>• विद्यार्थीहरुको शैक्षिक सामाग्रीमा पहुँच विस्तार गर्न इलाइब्रेरीको - लागि सेवा प्रदायक संस्थाहरुसँग अवधारणा विकास गरिनेछ । यसका आवश्यक समन्वय गरिनेछ ।<br>• शैक्षिक संस्थाहरुमा सूचना प्रविधिसम्बन्धी आवश्यक पूर्वाधारको सुनिश्चितता र सोको प्रयोग सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।<br>**<u>शीप अभिवृद्धि</u>**<br>• पालिका भित्रका विद्यार्थीहरुको शीप अभिवृद्धिका लागि डिजिटल मार्केटिङ्ग, ग्राफिक डिजाइनिङ्ग, लगायतका सूचना प्रविधिसँग सम्बन्धित शीपमूलक तालिमहरुलाई माध्यमिक तहको अतिरिक्त पाठ्यक्रमको हिस्सा बनाई लागु गरिनेछ ।<br>• विद्यार्थीहरुको सिकाइलाई थप परिष्कृत गरी सूचना प्रविधिको पहुँच विस्तार गर्न डिजिटल नेपाल फ्रेमवर्कमा उल्लेखित Rent-a-laptop परियोजनालाई अघि बढाईनेछ ।<br>• विद्यार्थीहरुको सिकाई अभिवृद्धि गर्न, प्रविधिको फाइदा र सदुपयोगिता तथा सूचना प्रविधिसँगै जोडिएर आउने जोखिमबारे सचेतना प्रदान गर्न विद्यालय स्तरीय वक्तृव्कला, हाजिरी जवाफ , वादविवाद प्रतियोगिता लगायतका कार्यक्रमको आयोजना गरिनेछ ।<br>• गाउँ शिक्षा योजना तर्जुमा गर्दा डिजिटल रणनीतिलाई प्राथमिकता दिइनेछ |

| | |
|---|---|
| | । |

**खण्ड -८: स्वास्थ्य सेवा**

परिवर्तन गाँउपालिकालामा स्वास्थ्य सेवामा डिजिटाइजेसन द्वारा प्रभावकारी, पहुँचयुक्त र द्रुत सेवा दिने, बिरामीको विवरण व्यवस्थित राख्ने, हेल्थ एप्स तथा एसएमएस (SMS) सूचना प्रणालीद्वारा स्वास्थ्य सचेतना फैलाउने जस्ता स्वास्थ्य सेवामा थप सुधारका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| सूचना प्रविधिको प्रयोगमार्फत सचेतना, स्वास्थ्यकर्मी र स्वास्थ्य सामाग्रीको पहुँच विस्तारित गर्ने, नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी स्वस्थ समाजको आधार तयार गर्ने । | **<u>स्वास्थ्य सेवाको सहज पहुँच</u>**<br>• पालिकाका नागरिकहरुको स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुसँगको सहज पहुँचका लागि टेलिमेडिसिन सुविधालाई प्रयोगमा ल्याउने योजना अगाडी बढाईनेछ ।<br>• स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवकहरुको भौगोलिक अवस्थिती अनुगमन )Geo-trackingमार्फत सुलभ पहुँचको लागि व्यवस् (था गरिनेछ ।<br>**<u>स्वास्थ्य सेवामा प्रविधिको प्रयोग</u>**<br>• स्वास्थ्यमा सूचना प्रविधिको प्रयोग गरी स्वास्थ्यकर्मी र स्वास्थ्य सामाग्रीको योजनावद्द व्यवस्थापन गर्न नेपाल सरकारको eLMIS प्रणालीको कार्यान्वयन गरिनेछ ।<br>• पालिकामा रहेका गर्भवती महिला र नवजात शिशुहरुको तथ्यांक संकलन गर्ने व्यवस्था मिलाइनेछ । गर्भावस्था देखि स्वास्थ्य परीक्षण, बच्चाहरुको खोप लगायतका तालिकाको जानकारी SMS तथा पालिकाको मोबाइल एप्पलिकेसन मार्फत सम्प्रेषण गरी मातृ शिशु स्वास्थ्यको सुधारका उपायहरु अबलम्बन गरिनेछ।<br>• गाउँघर क्लिनिक र घुम्ती शिविर जस्ता कार्यक्रमहरुको सूचना वेवसाइट तथा अन्य डिजिटल माध्यमबाट सम्प्रेषण हुने व्यवस्था मिलाइनेछ । |

**खण्ड -९: पूर्वाधार विकास**

परिवर्तन गाउँपालिकाको पूर्वाधारलाई सुधार्न र विकास गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्नका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| पूर्वाधार विकासमा सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याई आयोजना व्यवस्थापन र प्रभावकारिता अभिवृद्धि गर्ने । | **पूर्वाधार विकासमा सूचना प्रविधिको प्रयोग**<br>• सडक दुर्घटनाहरुको जानकारी पालिका र अन्य सम्बद्ध निकायहरुमा गराउन मिल्ने प्रणालीको व्यवस्था गरी व्यवस्थापनमा प्रभावकारिता ल्याइनेछ ।<br>• पूर्वाधार विकासका रणनीतिक योजना आव्हान गर्न अनलाइन पूर्वाधार योजना माग फारमको विकास गरिनेछ ।<br>• पूर्वाधार विकासको जानकारी तथा सूचना व्यवस्थापन गर्न डिजिटल आयोजना सूचना पाटीको व्यवस्था गरिनेछ । |

**खण्ड -१०: वातावरण संरक्षण तथा विपद व्यवस्थापन**

परिवर्तन गाँउपालिकामा जंगलहरूको संरक्षण र जैविक विविधता व्यवस्थापन, विपद् पूर्वानुमान र अलर्ट प्रणाली (जस्तैः भूकम्प, बाढी) मार्फत समयमै सचेत गराउने जस्ता कार्यक्रमहरु गर्न निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा सूचना प्रविधिको अधिकतम प्रयोग सुनिश्चित गरी प्रभावकारी व्यवस्थापन गर्ने । | **वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग**<br>• बाढीपहिरो जस्ता जोखिमहरुको जानकारी SMS, सामाजिक संजाल तथा पालिकाको मोबाइल एप्पलिकेसन मार्फत प्रवाह गरी सतर्कता अभिवृद्धि गराउने कार्य गरिनेछ ।<br>• फोहोरमैला व्यवस्थापन गरी संक्रामक रोगहरुको न्यूनीकरण गर्न डिजिटल सचेतना सामाग्रीहरु विकास गरी सम्प्रेषण गरिनेछ ।<br>• स्थानीय विपदका घटनाहरुको जानकारी पालिका र अन्य सम्बद्ध निकायहरुमा गराउन मिल्ने नेपाल सरकारको प्रणाली को (विपद पोर्टल) |

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| | अबलम्बन गरी विपद व्यवस्थापनमा प्रभावकारिता ल्याइनेछ । |

**खण्ड-११: स्थानिय तहको अन्य सेवा**

परिवर्तन गाँउपालिकामा डिजिटाइजेसनद्वारा अन्य सेवामा धेरै सुधार गर्न सकिन्छ। अनलाइन सेवाहरू जस्तै नागरिकता, जन्म प्रमाणपत्र, र जग्गा किनबेच जस्ता सेवाहरु सहज र छिटो बनाउन, सरकारी कागजातहरूको प्रक्रिया पारदर्शी र सरकारी काम समयमै सम्पन्न गर्ने जस्ता स्थानिय तहको सेवाहरु तथा सुशासनका लागी निम्नानुसारका रणनीति र कार्यनीति तय गरिएका छन्-

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| पालिकाको सेवा प्रवाहलाई डिजिटल प्रविधिमार्फत रुपान्तरण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने, नागरिक र पालिका बीचको समन्वय र सहकार्य अभिवृद्धि गर्ने र डिजिटल गभर्नेन्सको अवधारणालाई अभिप्रेरित गर्ने । | <u>**सेवा प्रवाहमा डिजिटाइजेसन**</u><br>• स्थानिय तहको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन मोबाइल एप्पलिकेसन सहितको एकिकृत सेवा प्रवाह पोर्टल विकास गरिनेछ ।<br>• पालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुलाई पेपरलेस सेवामा रुपान्तरण गरिनेछ । यस कार्य मार्फत सिफारिस, आवेदन जस्ता पालिकाका सेवाग्राहीहरुको आवश्यक्ताका कार्यहरु डिजिटल माध्यमबाट सम्पादन गरिनेछ ।<br>• पालिका र वडा कार्यालयहरुमा हुने राजस्व, सेवा शुल्क भुक्तानी जस्ता कार्यहरुको लागि अनलाइन भुक्तानीका माध्यमहरुको प्रयोगलाई प्रोत्साहित गरिनेछ । यसका लागि सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गरी अनलाइन भुक्तानी गर्दा प्रोत्साहन स्वरुप क्यासब्याक, राजस्व छुट जस्ता योजनाहरुलाई प्रवर्द्धन गरिनेछ ।<br>• सामाजिक सुरक्षा भत्ता विवरण तथा अन्य सम्बन्धित कार्यहरुमा डिजिटल माध्यमबाट सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।<br><u>**डिजिटल सेवा केन्द्रहरुको स्थापना**</u><br>• पालिका अन्तर्गत विभिन्न वडा कार्यालय तथा अन्य सार्वजनिक स्थानमा कम्प्यूटर, वेवक्याम, प्रिन्टर, इन्टरनेट तथा अन्य सूचना प्रविधिका सामाग्री |

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
|---|---|
| | सहितको डिजिटल सेवा केन्द्रहरु स्थापना गरिनेछ । यस्ता सेवा केन्द्रबाट राजस्व भुक्तानी, राहदानी आवेदन, राष्ट्रिय परिचयपत्र आवेदन, लाइसेन्स आवेदन, लोक सेवा आयोगको परीक्षा आवेदन लगायत सेवा प्रवाहमा सहजीकरण गरिनेछ ।<br>**<u>सेवा प्रवाहलाई स्वचालित र प्रभावकारी सेवा प्रवाह</u>**<br>• सेवा प्रवाहलाई स्वचालित र थप प्रभावकारी बनाउन डिजिटल बडापत्र, डिजिटल KIOSK जस्ता नवीनतम प्रविधिको उपयोग गरिनेछ ।<br>• पालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सिकाई अभिवृद्धि गर्ने उद्देश्यसहित डिजिटल रुपान्तरणमा अग्रणी स्थानीय निकायहरुमा पालिका प्रतिनिधि तथा कर्मचारी सहितको अवलोकन भ्रमणको आयोजना गरिनेछ ।<br>• पालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन पालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तथा डिजिटल शीप अभिवृद्धि गर्न तालिम लगायतका कार्यक्रमहरु आयोजना गरिनेछ । |
| डिजिटल प्रविधिमार्फत संस्थागत सुशासन, जवाफदेहीता र पारदर्शिता सुनिश्चित गरी जिम्मेवार पालिकाको भूमिका निर्वाह गर्ने । | **<u>पोर्टलको स्थापना</u>**<br>• पालिकाको सेवा प्रवाहमा जनसहभागिता बढाउन तथा आम चासोको सम्बोधन गर्न सुझाव तथा गुनासो सुनुवाई पोर्टलको स्थापना गरिनेछ ।<br>• एकिकृत सेवा प्रवाह पोर्टल मार्फत पालिकाका अध्यक्ष, उपाध्यक्ष लगायतका प्रतिनिधिहरुसँग संवाद तथा भेटघाट गर्न सकिने व्यवस्था मिलाइनेछ ।<br>• स्थानीय न्यायिक समितिको व्यवस्थापन, गुनासो दर्ता, पेशी र निणर्यको विवरण लगायतका विषयको जानकारी सहितको स्थानीय न्यायिक व्यवस्थापन प्रणालीको स्थापना गरिनेछ ।<br>**<u>कामकारबाहीमा पारदर्शिता</u>**<br>• पालिकाको वार्षिक तथा आवधिक नीति र कार्यक्रमहरुमा पारदर्शिता र जवाफदेहिता कायम गर्न योजना, कार्यप्रगती विवरण सहितको Project Tracking System को स्थापना गरिनेछ । |

| रणनीति | कार्यनीति / प्रमूख कार्यक्रमहरु |
| --- | --- |
| | • पालिकाको कामकारबाहीमा पारदर्शिता कायम गर्न पालिका, वडा र समितिहरुको बैठकका निणर्यहरु एकिकृत सेवा प्रवाह पोर्टल मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । साथै बैठक आव्हान गर्ने, तथा पालिका प्रतिनिधीहरुको संवाद पनि यसै पोर्टलमार्फत हुने व्यवस्था मिलाइनेछ ।<br>• पालिका डिजिटल समन्वय समितिले पालिकाको डिजिटल पालिका कार्यान्वयन सम्बन्धमा पालिकाको सम्बन्धित शाखाहरुबाट नियमित विवरण तथा प्रगति प्रतिवेदन संकलन गर्ने व्यवस्था मिलाइनेछ ।<br>• उल्लेखित रणनीतिक कार्ययोजनाहरुको सम्पन्नताको कम्तीमा प्रतिशत 70 योजना सम्पन्न भएपश्चात पालिकालाई डिजिटल पालिकाको रुपमा घोषणा गरिनेछ । |

उल्लेखित रणनीति र कार्यनितिको परिष्कृत विवरण **अनुसुची-२** बमोजिम हुनेछ ।

### डिजिटल रणनीतिको कार्यान्वयन योजनाः

डिजिटल रणनीतिको सफल कार्यान्वयनका लागि एक व्यवस्थित र चरणबद्ध योजना आवश्यक हुन्छ। यसले समय, श्रोत र प्राथमिकतालाई सही ढंगले व्यवस्थापन गर्न मद्दत गर्दछ। रणनितिको कार्यान्वयन गर्न विभिन्न चरणहरु देहाय बमोजिम हुनेछ ।

| चरणहरु | क्रमबद्ध योजनाहरु |
| --- | --- |
| तयारी चरण | • आवश्यकता पहिचान<br>• नीति तथा कानूनी ढाँचा तयार गर्ने<br>• बजेट र श्रोत सुनिश्चितता |
| डिजिटल पूर्वाधार विकास चरण | • प्राविधिक पूर्वाधार निर्माण<br>• डिजिटल उपकरणहरूको वितरण |
| मानव संसाधन विकास चरण | • तालिम कार्यक्रम सञ्चालन<br>• डिजिटल साक्षरता अभियान |
| डिजिटल सेवा कार्यान्वयन चरण | • ईगभर्नेन्स सेवा सुरूवात-<br>• डिजिटल भुक्तानी प्रणाली लागू गर्ने<br>• स्मार्ट शिक्षा र स्वास्थ्य सेवा |

| चरणहरु | क्रमबद्ध योजनाहरु |
|---|---|
| सहभागिता र सहकार्य चरण | • सार्वजनिक) निजी साझेदारी-PPP)<br>• समुदायको सहभागिता |
| प्रगतिको नियमित अनुगमन | • प्रगतिको नियमित अनुगमन<br>• KPIs) Key Performance Indicators) को मापन<br>• सुझाव संकलन |
| दिगोपनाको सुनिश्चितता चरण | • सिस्टम मर्मत र अद्यावधिक<br>• स्थानीय तहमा आत्मनिर्भरता विकास |

कतिपय योजनाहरु क्षणिक हुन्छ भने कतिपय निरन्तर गर्नुपर्ने हुन्छ ।पालिकाले सम्पादन गर्नुपर्ने योजनाहरु लाई पाँच पर्षमा त्रैमासिक रुपमा विभाजन गरिएको छ । सो योजनारु विस्तृत रुपमा **अनुसुची-३** मा दिइएको छ ।

# परिच्छेद ६ संस्थागत प्रवन्ध

डिजिटल नीति कार्यान्वयनका लागी डिजिटल समन्वय समिति गठन गरिनेछ। समितिमा सात जना सदस्यहरु रहनेछन्। डिजिटल पालिका बन्ने लक्ष्य तय गर्न *सामाजिक परिवर्तनका लागी प्रविधिमैत्री परिवर्तन* नारालाई आत्मासाथ गर्दै डिजिटल रणनीतिहरुलाई समयसापेक्ष परिष्कृत गर्न अत्यन्त जरुरि हुनेछ ।यसरी तयार पारिएका रणनितिहरुको उत्कृष्ट तवरले कार्यान्वयन गर्न र लक्ष्य प्राप्तिको अनुगमन मूल्यांकन गर्न *डिजिटल समन्वय समिति* गठन गरिनेछ ।

| | |
|---|---|
| गाँउपालिकाको अध्यक्ष | अध्यक्ष |
| गाँउपालिकाको उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्रत्येक वडाका प्रतिनिधी | सदस्य |
| वित्तलेखा वा कुनै विषयमा डिजिटल रणनिती विषयमा अनुभव ,वाणिज्य ,अर्थ , भएको व्यक्ती, संस्था र परियोजनाका प्रतिनिधि | सदस्य |
| सूचना प्रविधि तथा तथ्याङ्क शाखा प्रमूख | सदस्य सचिव |

*डिजिटल समन्वय समितिको* बैठक मासिक रुपमा कम्तीमा एक पटक बस्न पर्ने व्यवस्था गरिनेछ । यस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ-

- डिजिटल रणनितीहरुको पालना के कति भएको मापन गरी सो को मासिक समिक्षा गर्ने-
- रणनितीहरु पालनाको लागी बजेटको माग गर्ने
- बजेट अनुसार कार्यको सुनिश्चितता गर्ने
- सम्बन्धित निकायहरुबाट आवधिक जानकारी/ प्रगति विवरण माग तथा संकलन गर्ने
- डिजिटल रणनितीहरुको पालना गर्दा खरिद गरिएका सामानहरुको सुरक्षाको अनुगमन गर्ने
- त्रैमासिक रुपमा गाँउपालिका कार्यसमितिमा डिजिटल रणनितीको पालनाको प्रतिवेदन पेश गर्ने
- प्रगती विवरणहरु पालिकाको सुचना पाटी तथा वेभसाइटमा प्रकाशित गर्ने
- गाँउपालिका कार्यसमितिले तोके बमोजिम अन्य काम गर्ने

# परिच्छेद ७ स्रोत परिचालन

डिजिटल रणनीतिको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापन अत्यन्त आवश्यक छ। यसले स्रोतको सही प्रयोग, खर्चको पारदर्शिता, र लगानीको अधिकतम लाभ सुनिश्चित गर्न भूमिका खेल्छ। डिजिटल परियोजनाहरूको लागि छुट्टै बजेट निर्माण गरी स्रोतहरूको समुचित व्यवस्थापन गरिनेछ। बजेट निर्माणमा परियोजनाको प्राथमिकता, लागत अनुमान, र दीर्घकालीन लाभलाई ध्यानमा राखिनेछ।

स्थानिय सरकारको बजेट मात्र नभई प्रदेश सारकार,सङ्घिय सरकार , निजी क्षेत्र, विकास साझेदार, र गैर सरकारी संस्थाहरूसँग सहकार्य गरेर वित्तीय-स्रोतहरू जुटाइनुका साथै सार्वजनिक निजी साझेदारी-)PPP) मोडललाई पनि प्रोत्साहित गरिनेछ । भ्रष्टाचार न्यूनीकरण गर्दै पारदर्शी वित्तीय व्यवस्थापन सुनिश्चित गर्न डिजिटल प्रणालीमार्फत बजेटको खर्चको ट्र्याकिङ, अनुगमन, र लेखा परीक्षण गरिनेछ ।

समय र स्रोतको बचत गर्दै वित्तीय कारोबारलाई छिटो, सुरक्षित, र पारदर्शी बनाउन सबै किसिमका भुक्तानी प्रक्रिया डिजिटल माध्यमबाट गर्न प्रोत्साहन गरिनेछ।डिजिटल प्रणालीमा वित्तीय जोखिम कम गर्न साइबर सुरक्षा, डाटा सुरक्षा, र प्रणालीको नियमित अनुगमनमा जोड दिइनेछ। स्रोतको सही प्रयोग सुनिश्चित गर्दै डिजिटल परियोजनाहरूले दिगो आर्थिक लाभ पुऱ्याउने वातावरण बनाउन हरेक परियोजनाको लागि लागत लाभ विश्लेषण गरिनेछ।-

स्थानीय तहमा वित्तीय व्यवस्थापनका लागि आवश्यक जनशक्तिलाई तालिम प्रदान गरिनेछ। डिजिटल प्रणालीको प्रयोगमा दक्ष जनशक्तिको परिचालन गरिनेछ।यसरी, वित्तीय व्यवस्थापनले डिजिटल रणनीतिको कार्यान्वयनमा स्रोतहरूको अधिकतम प्रयोग, पारदर्शिता, र दीर्घकालीन लाभ सुनिश्चित गर्दै स्थानीय तहलाई प्रविधिमैत्री र प्रभावकारी बनाइनेछ।

स्रोत परिचालनको विस्तृत विवरण **अनुसुची-**४ बमोजिम हुनेछ ।

# परिच्छेद ८ अनुगमन र मूल्याङ्कन

रणनीतिको सफल कार्यान्वयन सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन) M&E) महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसले प्रगतिको ट्र्याक राख्न, चुनौतीहरू पहिचान गर्न, र आवश्यकतानुसार रणनीतिमा सुधार गर्न मद्दत गर्दछ। डिजिटल समन्वय समितिको सहभागितमा डिजिटल रणनीतिको पालना अनुगमन संयन्त्र स्थापना गरी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाइने छ। रणनीतिमा उल्लेख भएका कार्यक्रमहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए-नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई समावेश गर्न सुभाव प्रदान गर्ने, वार्षिक कार्यक्रममा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन कसरी भइरहेको छ भन्ने विषयमा समेत नियमित अनुगमन गरिने छ। नियमित अनुगमन गर्न बाह्य मूल्याङ्कनकर्ता पनि छनोट गरिनेछ। यसरी प्रविदेदन प्राप्त भएपछी डिजिटल समन्वय समिति मार्फत गाँउपालिका कार्यसमितिमा प्रतिबेदन पेश गर्ने व्यवस्था गरिनेछ।

अनुगमन तथा मूल्याङ्कन गर्न निम्न चरणबद्ध प्रकृयाहरु अपनाइनेछ ।

| प्रकृयाहरु | गतिविधी |
|---|---|
| **योजना चरण )Planning Phase)** | • स्पष्ट उद्देश्य, KPIs, र लक्ष्य परिभाषित गर्ने।<br>• डाटा सङ्कलन र प्रतिवेदन उपकरण ड्यासबोर्ड), टेम्प्लेट, सफ्टवेयरविकास गर्ने। ( |
| **डाटा सङ्कलन र विश्लेषण** | • डिजिटल उपकरणहरू प्रयोग गरी रियलटाइम डाटा सङ्कलन -गर्ने।<br>• फिल्ड भ्रमण, अन्तर्वार्ता, र सर्वेक्षणबाट गुणात्मक जानकारी सङ्कलन गर्ने।<br>• सङ्कलित डाटाको विश्लेषण गरी वास्तविक प्रदर्शनलाई योजनाबद्ध लक्ष्यहरूसँग तुलना गर्ने। |
| **प्रतिवेदन र प्रतिक्रिया )Reporting and Feedback)** | • त्रैमासिक, र वार्षिक रूपमा विस्तृत अनुगमन प्रतिवेदन तयार गर्ने।<br>• प्रतिवेदन सरोकारवालाहरूसँग साझा गर्ने।<br>• कार्यान्वयन सुधार गर्न नागरिक र सरोकारवालाहरूबाट प्रतिक्रिया |

| प्रकृयाहरु | गतिविधी |
|---|---|
| | सङ्कलन गर्ने। |
| **सुधार र सिकाइ )Adjustment and Learning):** | • अनुगमन प्रतिवेदनका आधारमा रणनीतिको कार्यान्वयनमा सुधार गर्ने।<br>• सिकाइ र उत्कृष्ट अभ्यासहरूलाई दस्तावेज गर्दै भविष्यका योजनामा समावेश गर्ने। |
| **अन्तिम मूल्याङ्कन र दस्तावेजीकरण:** | • रणनीतिको अवधि समाप्त भएपछि विस्तृत मूल्याङ्कन गर्ने।<br>• सफलताहरू, चुनौतीहरू, र सुझावहरू समेटिएको अन्तिम प्रतिवेदन तयार गर्ने। |

**अनुगमन र मूल्याङ्कन गतिविधिहरूको समयसीमा**

| गतिविधि | समयसीमा | जिम्मेवार पक्ष | नतिजा) Outputs) |
|---|---|---|---|
| प्रगति अनुगमन | मासिकत्रैमासिक/ | डिजिटल समन्वय समिति | प्रगति प्रतिवेदनहरू |
| सरोकारवाला परामर्श | त्रैमासिक | गाउँ कार्यपालिका | प्रतिक्रिया प्रतिवेदनहरू |
| मध्यावधि मूल्याङ्कन | कार्यान्वयनको मध्य अवधिमा | बाह्य मूल्याङ्कनकर्ता | मध्यावधि मूल्याङ्कन प्रतिवेदन |
| अन्तिम मूल्याङ्कन | कार्यान्वयन समाप्तिपछि | बाह्य मूल्याङ्कनकर्ता | समग्र प्रभाव मूल्याङ्कन प्रतिवेदन |